बैठक संख्या नं.

आज मिति २०७९ आषाढ २७ गते सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाँउ कार्यपालिकाको बैठकमा तपशिलको उपस्थितिमा प्रस्तावित विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

तपशिल

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री चिन्तामणि दाहाल | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

आमन्त्रित

| | |
|---|---|
| श्री कर्ण बहादुर के.सी. | ईन्जिनियर |
| श्री अरुण ओली | प्रशासन अधिकृत |
| श्री ठकेन्द्र खत्री | लेखा प्रमुख |
| श्री अच्युत पन्थी | सूचना प्रविधि अधिकृत |

प्रस्तावहरु

१. आ व २०७९।०८० का लागि संशोधित कार्यक्रम तथा वजेट सभामा पेश गर्ने सम्वन्धमा।

२. सिस्ने गाउँपालिकाको विनीयोजन ऐन, २०७९ सम्वन्धमा।

३. ठेक्का खरीद म्याद थप सम्वन्धमा।

४. पूर्वाधार एम्बुलेन्स सन्चालन सम्बन्धमा।

५. विपद राहत सम्बन्धमा।

६. राजश्व दाखिला सम्बन्धमा।

७. आँखा उपचार केन्द्र सम्बन्धमा।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम सभामा पेश गर्ने सम्बन्धमा।

८. विविध

CamScanner

बैठक संख्या नं. ४

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व)

**निर्णय नं १**

आगामी आ व को कार्यक्रम तथा वजेटमाथि प्राप्त सुझावहरुलाई समेटी स्वीकृतीका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं २**

आगामी आ व २०७९/०८० को स्वीकृत वार्षिक विकास कार्यक्रम तथा बजेट खर्च गर्न सिस्ने गाउँपालिका विनियोजन ऐन, २०७९ स्वीकृतीका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

आ व २०७८/०७९ मा प्रदेश सरकारको समपुरक अनुदान तर्फ संचालित योजना Contruction of Neta Sahid Smirti Park ( ठेक्का नं EGP/ NCB / SRM / W / 04 / 078/ 79) निर्माणका लागि यस सिस्ने गांउपालिका र जय के जे कन्ट्रक्सन प्रा लि भूमे ६ रुकुम पूर्व विच मिति २०७८/११/१२ गते खरीद संझौता भइ मिति २०७९/३/२० गते सम्पन्न गरीसक्नु पर्नेमा चालु आ व मा स्थानीय तहको निर्वाचन साथै छिट्टै वर्षा शुरु भएर निर्माण कार्य गराउन तथा सामाग्री ढुवानीमा कठीनाइ उत्पन्न भएको मनासीव कारण देखाइ निर्माण व्यवसायीबाट पेश भएको ६ महिना म्याद थप निवेदन दर्ता भएको विषयलाइ मध्येनजर गर्दा यस सिस्ने गांउपालिकाको सार्वजनिक खरीद नियमावली, २०७६ को नियम १२९ को उपनियम ३ बमोजिम ठेक्का खरीद म्याद थप समय २०७९ साल पौष २० सम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

बर्षादका कारण भत्किएका र भत्कीन सक्ने सडकहरुको आकस्मिक साथै नियमित मर्मत गर्ने उदेश्यलाई पुरा गर्न गाउँपालिकाको जे.सि.भि. मेसिन, भाडामा लिने गरी एक ओटा ट्याक्टरको साथमा कार्यालय/वडाका एक जना प्राविधिक कर्मचारीको निगरानीमा दुई जना हेल्परको जनशक्ति व्यवस्थापन रहेने गरी ३ महिना (साउन देखि असोज सम्म) पूर्वाधार एम्बुलेन्स सन्चालन गर्ने निर्णय गरियो ।पूर्वाधार एम्बुलेन्स सन्चालन गर्दा लाग्ने करार जनशक्ति र भाडाका मेसिन उपकरणको खर्च सडक तथा अन्य मर्मत संभार खर्च शिर्षकमा विनियोजित बजेटबाट लेख्ने गरि सहमति दिने निर्णय गरियो।

**निर्णय नं ५**

बाढि पहिरो, चटयाङ, आगलागी तथा अन्य प्राकृतिक प्रकोपबाट व्यक्ति, घरपरिवारको सम्पतिमा हुने क्षतिलाई सम्बोधन गर्न स्थानीय सरकारबाट तत्काल राहत तथा पूर्णस्थापनाका लागि आकस्मिक कोषबाट खर्च लेख्ने गरी प्रति घर परिवार नगद राहत रू. एक हजार पाँच सय देखि पन्ध्र हजार सम्म दिने निर्णय गरियो।

**निर्णय नं ६**

प्रत्येक वडाबाट संकलन हुने विभिन्न शिर्षकका राजश्व हाल सम्म पनि गाउँपालिकामा आई दाखिला नगरेकोले यहि मिति २०७९ साल असार ३० गते सम्म राजश्व दाखिला गर्न प्रत्येक वडा कार्यालयलाई परिपत्र गर्ने निर्णय गरियो।

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश
२०७३

**निर्णय नं ७**

सिस्ने वडा नं ५ मा टाकुरामा रहेको जीवनज्योती आधारभुत विद्यालयमा रहेको आंखाउपचार केन्द्रबाट सेवाप्रवाह गरीरहदा वालवालिकाहरुलाइ पठनपाठनमा असर पर्ने देखिएकोले उक्त आंखा उपचारकेन्द्रलाइ पालिका भित्र रहेको आइसोलेसन भवनका २ वटा कोठाबाट सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं**

आ व २०७९।०८० का लागि सवै वडाबाट प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त योजनाहरुलाइ स्विकृत गर्न सभामा पेश गर्ने निर्णय गरियो ।